# काठेखोला गाउँपालिका

आ.व.२०७६/०७७ को

# *पाँचौ गाउँसभा*

उपाध्यक्ष श्री अर्जुन बहादुर खत्री ज्युद्वारा प्रस्तुत गरिएको

## *बार्षिक बजेट तथा कार्यक्रम*

यस सभाका सभाअध्यक्ष ज्यु,

उपस्थित गाउँसभा सदस्यहरु,

सर्बप्रथम नेपालको बिभिन्न कालखण्डमा भएका लोकतान्त्रिक आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात महान सहिदहरु तथा देशमा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको खातिर २०६२/०६३ को जनआन्दोलनमा आफ्नो जीवनको प्राण आहुति गर्नुहुने अमर वीर सहिदहरु प्रति उच्च सम्मान ब्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै जनआन्दोलनका घाईतेहरु प्रति पनि उत्तिकै सम्मान ब्यक्त गर्दै सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

समृद्धि र विकासको यात्रामा अनवरत यात्रारत काठेखोला गाउँपालिकाको यस गरिमामय पाँचौ गाउँसभामा आ.व.२०७६/०७७ को बजेट प्रस्तुत गर्न पाउदा म आफु निकै गौरवान्बित भएको महसुस गरेकोछु ।

नेपालको संविधानले परिकल्पना गरे अनुसार गणतन्त्रात्मक संघिय शासन प्रणालीद्धारा लोकतान्त्रिक समाजबाद स्थापनार्थ नेपाल सरकारद्धारा लिइएको समृद्ध नेपाल सुखी नेपालीको परिकल्पनालाई साकार पार्न यस गाउँपालिका प्रतिवद्ध रहदै गाउँपालिकाको समग्र विकास र आम गाउँपालिकाबासीको हक हित र अधिकारको रक्षा गर्न प्रतिवद्ध छ । गाउँपालिकाको अधिकार क्षेत्रभित्र रही मौलिक हक र कर्तब्य सम्बन्धी संवैधानिक ब्यवस्थाको कार्यन्वयन गर्न काठेखोला गाउँपालिका सदा प्रतिबद्ध रही आएको छ । काठेखोला गाउँपालिका जनभावना, जनआकांक्षा र आवस्यकताको आधारमा नागरिकको जीवनस्तरमा सुधार ल्याउन र विकास र समृद्धिको अपेक्षा पुरा गर्न दृढ संकल्पका साथ अगाडि बढिरहेको छ । भौगोलिक बिविधता, प्राकृतिक सुन्दरता, बहुजातिय, बहुधार्मिक र बहुसांस्कृतिक बिशेषतायुक्त यस काठेखोला गाउँपालिकालाई सद्भाव र सह-अस्तित्वमा आधारित एकताबद्ध, सभ्य र सुसंस्कृत समाज निर्माण गर्दै नमुना गाउँपालिका रुपमा विकास गर्न निरन्तर लागी परेको छ । काठेखोलाबासी जनताको चाहाना, बिकास प्रतिको मोह र परिवर्तन प्रतिको आकांक्षालाई पुरा गर्न अनि सेवा प्रवाहमा सहजता प्रदान गर्न सिंगो काठेखोला गाउँपालिका निरन्तर यात्रामा यात्रारत छ । हाम्रा नीति, कार्यक्रम तथा बजेट जनतालाई कसरी अधिकार सम्पन्न गराउन सकिन्छ, जनतालाई कसरी आर्थीक समृद्धितिर उन्मुख गराउन सकिन्छ, हाम्रा विकासले जनतालाई कसरी सहजता प्रदान गर्न सकिन्छ अनि समाज रुपान्तरणको दिशामा डोर्याउन सकिन्छ त्यतैतिर केन्द्रित छन । सुरुवाती बर्ष देखि नै सञ्चालन गरिएको एक वार्ड एक पहिचान र काठेखोलाको गौरवका योजना त्यसको ज्वलन्त उदारहण हुन ।

अव म काठेखोला गाउँपालिकाको आ.व.२०७४/०७५ को यथार्थ खर्च, चालु आ.व.को संशोधित अनुमान र आगामी आ.व.२०७६/०७७ को अनुमानित आय ब्ययको बिबरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| *क.सं.* | *आ.व.* | *चालु खर्च* | *पुजीगत खर्च* | *जम्मा खर्च* | *कैफियत* |
|---|---|---|---|---|---|
| १ | २०७४/०७५ को यथार्थ खर्च | २२,९८,७२,२९० | १३,४९,७०,२४१ | ३६,४८,४२,५३१ | |
| २ | २०७५/०७६ को संशोधित अनुमान | २२,४७,२९,८६२ | १७,७२,६६,४६९ | ४०,१९,९६,३३१ | |
| ३ | २०७६/०७७ को अनुमानित व्यय | २५,४१,४२,००० | १८,७९,००,००० | ४४,२०,४२,००० | |

आगमी आ.व.२०७६/०७७ को प्रस्तावित आय विवरण देहाय बमोजिम रहेको छ ।

| *क.सं.* | *श्रोत* | *रकम रु.* | *कैफियत* |
|---|---|---|---|
| १ | संघबाट बित्तिय समानिकरण अनुदान | ९,९१,००,०००।- | |
| २ | संघिय सरकार राजस्व बाँडफाँड अनुदान | ७,७३,००,०००।- | |
| ३ | प्रदेश सरकार बित्तिय समानिकरण अनुदान | १,२३,६०,०००।- | |
| ४ | प्रदेश सरकार राजस्व बाँडफाँड अनुदान | ३२,४३,०००।- | |
| ५ | गाउँपालिकाको आन्तरिक आय | ३१,५०,०००।- | |
| ६ | प्रदेश सरकार सशर्त अनुदान | ८०,००,०००।- | |
| ७ | *संघिय सरकारबाट प्राप्त अनुदान* | *२०,८०,००,०००।* | |
| ८ | *संचित कोषबाट अ.ल्या.हुने अनुमानित* | *३,०८,८९,०००।* | |
| | ***जम्मा*** | ***४४,२०,४२,०००।-*** | |

अव म उपरोक्त बमोजिम आयको आधारमा आगामी आ.व.को प्रस्तावित ब्यय बिबरण पेश गर्दछु ।

| | | | |
|---|---|---|---|
| | ***कुल चालु खर्च*** | ***२५,४१,४२,०००*** | |
| | ***मेशिन औजार खरिद*** | ***१५,००,०००*** | |
| | ***फर्निचर फिक्चर्स*** | ***२०,००,०००*** | |
| | ***यन्त्र उपकरण (ब्याकलोडर) खरिद*** | ***४०,००,०००*** | |
| | ***सवारी साधन खरिद (मोटरसाइकल)*** | ***२०,००,०००*** | |
| | ***अन्य योजनागत खर्च*** | ***१७८४,००,०००*** | |
| | ***कुल जम्मा*** | ***४४,२०,४२,०००*** | |

सभाध्यक्ष ज्यु,

अव म काठेखोला गाउँपालिकाको आगमी आ.व.को मुख्य योजना तथा कार्यक्रमहरु पेश गर्ने अनुमति चाहन्छु ।

सभाध्यक्ष ज्यु,

अव म उपरोक्त विवरण सहितको काठेखोला गाउँपालिकाको करका दरहरु सहितको आर्थिक विद्येयक २०७६ र बिनियोजन बिद्येयक २०७६ सम्मानित सभामा निर्णयार्थ पेश गर्दछु ।

धन्यवाद ।

२५ असार २०७६

*अर्जुन वहादुर खत्री*

(उपाध्यक्ष)

काठेखोला गाउँपालिका

बागलुङ